म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- १९१ २०८० जेठ २२ गते सोमबार 5 June 2023, Monday - पृष्ठ ४ मूल्य रु. ५/-




# गर्मी विदाको निर्णयः भद्रगोल शिक्षाको नमूना

समाज संवाददाता

हेटौंडाः एक सातायता देशभर गर्मी उच्च बढेको छ । गर्मी मौसममा गर्मी हुनु अन्यथा होइन । तर, जनजीवन नै प्रभावित हुने गरी उच्च गर्मी हुँदा समस्या सिर्जना भएको छ । विशेषगरी विद्यालयमा दिउँसो विद्यार्थीले असहज अवस्थाको सामना गर्नुपरेको, विद्यार्थी बेहोस् हुने, स्वास्थ्यमा समस्या देखिएको भन्दै देशभर पालिकाले विद्यालय विदा दिने निर्णयको लहर चल्दै गर्दा मकवानपुरका पालिकाहरुमा पनि विद्यालय विदाको निर्णय गर्ने क्रम सुरु भयो ।

उच्च गर्मीको प्रभावका कारण मकवानपुरका पालिकाहरुको विद्यालय विदा गर्ने विषयमा गरेका निर्णयहरुलाई हेर्‍यौं भने विद्यालय शिक्षाको जिम्मेवारी पाएको पालिकाले शिक्षामा भद्रगोल गरिराखेको स्पष्टै हुन्छ । शुक्रबार हेटौंडा उपमहानगर पालिकाको कार्यपालिका बैठकले विद्यालयमा विदा दिने नदिने निर्णय गर्ने जिम्मा वडालाई दिने निर्णय गर्‍यो । पालिकाले निर्णय गर्न नसक्दा वा निर्णय गर्न नचाहँदा, नजान्दा वडा वडाले पाएको जिम्मेवारी पूरा गर्ने क्रममा शनिबार नै केही वडाले प्रधानाध्यापक, अभिभावकसँगको परामर्शमा विद्यालय विदा दिने निर्णय गर्न सुरु गर्‍यो । वडा-वडाले आआफ्नो तरिकाले विदा गर्ने निर्णय गर्दै गर्दा विद्यार्थी र अभिभावकमा अन्यौलता सिर्जना हुने अवस्था रह्यो ।

शनिबार दिउँसोसम्ममा वडा नम्बर ४ र ५ ले आइतबारदेखि ३ दिन विदा दिने निर्णय गर्दै गर्दा १५ नम्बर वडाले आइतबार र सोमबार दुइदिन मात्रै विदा दिने निर्णय गरेको थियो । १९ वटा वडा भएको हेटौंडाका अन्य वडाको अवस्था के हुने ? सामाजिक सञ्जालमा पालिका र नगर प्रमुखकै अकर्मण्यता भन्दै आलोचना हुन थालेपछि अन्ततः पालिकाले शनिबार साँझ नै जेठ २१ गतेदेखि २६ गतेसम्म विद्यालय विदा दिने निर्णयको सूचना प्रकाशित गर्‍यो । विद्यालय सुचारु राख्ने वा विदा दिने निर्णयमा पालिकाको ठोस् बुझाइ नै छैन । दवावमा हरेक दिन, दिनमै अनेक पटक अनेक निर्णय गर्न तयार हुने पालिकाले शिक्षाको दीर्घकालिन योजना कसरी बनाउला ?

यस्तै मकवानपुरको मनहरी गाउँपालिकाले आइतबार बिहान एउटा सूचना सार्वजनिक गर्दै सोमबारदेखि बिहान पठनपाठन गर्ने निर्णय गर्‍यो । मनहरीले फेरि दिउँसो अर्को सूचना जारी गर्‍यो सोमबारदेखि विद्यालय विदा दिने भनेर । बकैया गाउँपालिकाबाट सुरु भएको विद्यालय विदा दिने निर्णय हेटौंडा, मनहरी, मकवानपुरगढी, राक्सिराङ, कैलाश हुँदै बागमती गाउँपालिकासम्म पुगेको छ । मकवानपुरको भीमफेदी र इन्द्रसरोवर गाउँपालिका र थाहा नगरपालिकाले भने अहिलेसम्म विदाको निर्णय गरेको छैन । तुलनात्मक रुपमा यी पालिका उच्च पहाडी क्षेत्रमा पर्ने भएकोले मौसमका दृष्टिले शिलत हुने क्षेत्रमा पर्दछ ।

यतिबेला हेटौंडा उपमहानगर र मनहरीको निर्णयलाई हेर्ने हो भने विद्यालय तहको शिक्षाको जिम्मेवारी पाएको पालिकाहरुले शिक्षामा भद्रगोल छ भन्ने बुझ्न कठिन हुन्न । पालिकाका लागि शिक्षा संवेदनशील र जिम्मेवार क्षेत्रको रुपमा पर्नुपर्ने थियो । तर, त्यसो हुन सकेन । यता दिवा स्याहार केन्द्रको रुपमा रहेको मण्टेश्वरीहरुले समेत विद्यालय तहकै सिको गर्दै पठनपाठन बन्द गरेको छ । स्याहार केन्द्रका लागि पठनपाठन हुनुभन्दा विदा गर्नु आर्थिक लाभको अवसर रहन्छ । खर्च नहुनु भनेको आर्थिक लाभ हुनु नै हो । उच्च गर्मीका कारण ती विद्यार्थीलाई समस्या भएको हो जहाँ विद्यार्थीको अनुपात बढी छ । विद्यार्थीको औसत अनुपात व्यवस्थापनतर्फ पालिकाको ध्यान जानुपर्छ भन्ने बुझ्न अब ढिलाई गर्नुहुन्न ।

उच्च गर्मीमा पठनपाठन प्रभावित हुने कक्षाकोठामा सामान्य अवस्थामा सिकाई प्रभावकारी हुन सक्दैन । नियमित सामान्यरुपमा चलिरहेको कुनै काम जस्तो होइन शिक्षा । शिक्षाले नयाँ र उपयोगी ज्ञान दिने अवस्था सुनिश्चित गरिनुपर्छ । यतिबेला शिक्षकले उच्च गर्मीको समयमा विद्यार्थीको सहजताका लागि आवश्यक तयारी गर्न नसक्नुले बालबालिकाप्रति शिक्षक जिम्मेवार छैनन् भन्ने स्पष्ट हुन्छ । विद्यालय न शिक्षकका लागि रुचिकर स्थान बन्न सक्यो, न विद्यार्थीकै लागि । अभिभावकका लागि भने बालबालिकाको दिवाकालिन समय व्यवस्थापन हुने अवसरको रुपमा मात्रै सीमित हुनुले हाम्रो शिक्षामा भद्रगोलको अवस्थालाई पुष्टि गर्छ । जनताका प्रतिनिधिले जनताका तात्कालिक सहजता र जनताको दवावमा निर्णय गर्दै जाने तर, औचित्य र आवश्यकताका बारेमा वास्तविक निर्णय गर्न नसक्नु गम्भीर चिन्ताको विषय हो ।

# चर्चमा उपचार गर्ने क्रममा महिलाको मृत्यु

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बकैया गाउँपालिका-७, मामदमारमा बिरामी महिलाको चर्चमा उपचार गर्ने क्रममा मृत्यु भएको छ । मृत्यु हुनेमा मामदमारकी २७ वर्षीया टिउरी माया सिङ्तान रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

शनिबार सिङ्तानलाई मुटु दुख्ने समस्या देखिएपछि सोहि स्थानमा रहेको चर्चमा लगिएकोमा चर्चमा नै मृत्यु भएको हो । सिङ्तानको एक वर्ष अगाडि पाठेघरको शल्यक्रिया गरेको र बेला-बेला बिरामी हुने गरेको प्रहरीले जानकारी दिएको छ । पछिल्लो समय धर्मको नाममा विभिन्न रोग निको हुने भन्दै भ्रम छर्दै आएको पाइएको छ । प्रहरीले सिङ्तानको शव मुचुल्का पश्चात पोष्टमार्टमका लागि जिल्ला अस्पताल हेटौंडा ल्याइएको जनाएको छ । पोष्टमार्टमको रिपोर्ट पश्चात अनुसन्धान कार्य हुने प्रहरीले जनाएको छ ।

यता वडाअध्यक्ष मानबहादुर सिन्तानले भने ६ महिना अगाडि पत्थरीको शल्यक्रिया गरेकी टिउरीमायाको स्वास्थ्यमा सुधार नहुँदा मानसिकरुपमा पनि विचलित भएर बसेकी र अन्तिम समयमा मृत्यु भएको जानकारी दिनुभयो ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

# खर्च भुक्तानी लिन पालिकाको आग्रह



समाज संवाददाता

हेटौंडाः चालु आर्थिक वर्ष २०७९/०८० को भुक्तानी लिन मनहरी गाउँपालिकाले आग्रह गरेको छ । गत शुक्रबार एक सूचना जारी गर्दै पालिकाले, विषयगत शाखा, वडा कार्यालय, निर्माण व्यवसायी तथा उपभोक्ता समिति र सरोकारवाला संघसंस्था सबैलाई भुक्तानी लिन आग्रह गरेको हो ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व नियमावली २०७७ को नियम ३० को उपनियम १ बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष सम्पन्न हुनुभन्दा कम्तिमा ७ सात दिनअगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको छ ।

कानुनी प्रावधानअनुसार आर्थिक वर्षको अन्तमा कामको चाप बढी हुने, सर्वर पनि डाउन हुन सक्ने र आषाढ मसान्तभित्रै करहरु दाखिला गर्नुपर्ने भएकाले चाँडै भुक्तानी माग गर्न आग्रह गरिएको छ । संघीय सरकार तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने अनुदानहरु फिर्ता गर्नुपर्ने र सबै कारोबारहरुको हिसाब मिलान गर्नुपर्ने भएकाले गाउँपालिकाबाट सञ्चालित सम्पूर्ण योजना तथा कार्यक्रमहरु असार १० गतेभित्र पूर्णरुपमा सम्पन्न गरी १५ गतेभित्र भुक्तानी लिन पालिकाले अनुरोध गरेको छ ।

तोकिएको अवधिमा भुक्तानी नलिई निकासा बन्द भएमा कार्यालय जवाफदेही नहुने ब्यहोरासमेत सूचनामा उल्लेख गरिएको छ ।

सर्वोच्चको अल्पकालिन आदेश

# नागरिकता ऐन तत्काल कार्यान्वयन नगर

काठमाडौंः सर्वोच्च अदालतले गत हप्ता राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रमाणीकरण भएको संशोधित नागरिकता ऐन तत्काल कार्यान्वयन नगर्न सरकारका नाममा अल्पकालीन अन्तरिम आदेश दिएको छ । न्यायाधीश डा. मनोजकुमार शर्माको एकल इजलासले अल्पकालीन आदेश दिँदै अन्तरिम आदेश दिने कि नदिने भन्ने छलफल गर्न दुवै पक्षलाई २६ गतेका लागि झिकाएको छ ।

राष्ट्रपति पौडेलले संविधान विपरीत विधेयक प्रमाणीकरण गरेको भन्दै वरिष्ठ अधिवक्ताहरु डा. सुरेन्द्र भण्डारी र बालकृष्ण नेउपानेले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए । राष्ट्रपतिले विधेयक प्रमाणीकरण गर्ने क्रममा उद्घृत गरेका संविधानका प्रावधानहरु विधेयक प्रमाणीकरणसँग सम्बन्धित नभएको, गलत संवैधानिक प्रावधान उद्घृत गरेर संवैधानिक प्रावधानमाथि प्रहार भएको भन्दै रिट निवेदनमा प्रमाणीकरण गरेको विधेयक तत्काल कार्यान्वयन नगर्नु भनी रोक लगाउन माग गरिएको थियो । मन्त्रिपरिषद्को आग्रहअनुसार संविधानको धारा ६१ र ६६ बमोजिम राष्ट्रपतिले विधेयक प्रमाणीकरण गरेको राष्ट्रपतिको कार्यालयले जनाएको थियो । संघीय संसदले साउन २०७९ मै नागरिकता विधेयक पास गरेको थियो । स्रोतः अनलाइनखबर ।

# समन्वय इकाईमा विद्यालय कर्मचारीको धर्ना

समाज संवाददाता

हेटौंडाः नेपाल विद्यालय कर्मचारी परिषद् जिल्ला कार्यसमिति मकवानपुरले आइतबारबाट शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरमा धर्ना सुरु गरेको छ । विद्यालय कर्मचारीलाई उचित पारिश्रमिकको व्यवस्था हुन नसकेको भन्दै विद्यालय कर्मचारीले धर्ना बसेर विरोध जनाएका हुन् ।

संघीय सरकारको नीति तथा कार्यक्रमको बुँदा नम्बर १२७ मा उल्लेख भएको सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारीहरुको सेवा सुविधाको व्यवस्था गरिने भन्ने कुराको बेवास्ता गरिएको विद्यालय कर्मचारी परिषद् मकवानपुरका अध्यक्ष राजन अधिकारीको भनाइ छ । नेपाल विद्यालय कर्मचारी परिषद् राष्ट्रिय समितिको निर्देशनअनुसार विरोधको कार्यक्रम सुरु गरिएको जिल्ला अध्यक्ष अधिकारीले जानकारी दिनुभयो । धर्ना कार्यक्रम जेठ २६ गतेसम्म जारी रहने अधिकारीले बताउनुभयो ।

देशैभर विद्यालयमा कर्मचारीको दरबन्दी नभएको, अस्थायी, करार वा निजी स्रोतमा न्यूनतम पारिश्रमिक समेत नपाएको, पेशागत सुरक्षा र हकहित सुनिश्चित नभएको भन्दै विद्यालय कर्मचारी लामो समयदेखि आन्दोलित छन् । यसअघिको आन्दोलनका माग समेत पूरा नभएको भन्दै विद्यालय कर्मचारी आन्दोलित भएका हुन् ।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि



# सम्पादकीय

## वातावरणप्रति सचेत बनौं

आज सोमबार ५१ औं विश्व वातावरण दिवस मनाइँदैछ । हरेक वर्ष जुन ५ तारिखमा विश्वभर वातावरण दिवस मनाउने गरिन्छ । सन् १९७२ को ५ जुनदेखि १६ जुनसम्म संयुक्त राष्ट्रसंघले विश्व वातावरण सम्मेलनको आयोजना गरेको थियो । सम्मेलनको एक वर्षपछि ५ जुन १९७३ मा पहिलो पटक विश्व वातावरण दिवस मनाउन सुरु गरिएको हो । त्यसपछि निरन्तर यो दिवस मनाउने काम भइरहेको छ । पर्यावरणप्रति विश्वस्तरमा राजनीतिक र सामाजिक जागृति ल्याउने उद्देश्यले यो दिवस मनाउन थालिएको हो । आर्थिक, सांस्कृतिक र राजनीतिक उद्देश्यले वातावरणीय र पर्यावरणीय मुद्दाहरुबारे समाजमा चेतना अभिवृद्धि गर्ने उद्देश्य र एजेण्डा बोकी यो दिवस मनाउने गरिएको छ । नेपालमा पनि यो दिवस मनाउन थालिएको धेरै वर्ष भइसकेको छ । वातावरण दिवसको अवसरमा देशभर सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न कार्यक्रम आयोजना हुने गरेका छन् । यस वर्षको वातावरण दिवसको नारा 'प्लाष्टिकजन्य प्रदूषण निर्मूल पारौं, वातावरणमैत्री विकल्पको उपयोग गरौं' भन्ने रहेको छ ।

हेटौंडामा पनि वातावरण दिवसको अवसरमा साताव्यापी कार्यक्रम गरिएको छ । जेठ १६ गतेदेखि जेठ २२ गतेसम्म सप्ताहव्यापी कार्यक्रम भएका छन् । सप्ताहव्यापी कार्यक्रमको पहिलो दिन जेठ १६ गते बिहान राप्तीखोला विशेष सरसफाई गरिएको थियो । जेठ १६ गतेदेखि २१ गतेसम्म आकर्षक पुरस्कारसहित वातावरण संरक्षणसम्बन्धी चेतनामूलक टिकटक प्रतियोगिता आयोजना गरिएको छ । जेठ १७ गते पर्यावरण संरक्षणसम्बन्धी खुला कविता प्रतियोगिता भएको थियो भने सार्वजनिक सवारी साधनमा स्टीकर टाँस्ने तथा डस्टवीन वितरण गर्ने कार्यक्रम सम्पन्न भएको छ । यस्तै, १८ गते बिहान वातारण संरक्षण तथा लागूपदार्थ दुव्यर्सनीविरुद्ध सडकनाटक प्रदर्शन तथा ४० माईक्रोनभन्दा कमको प्लाष्टिक झोलामा लगाइएको प्रतिबन्ध सम्बन्धमा सरोकारवालाहरुसँग अन्तरक्रिया गरिएको छ । १९ गते रक्तदान तथा बालक्लबस्तरीय वक्तृत्वकला प्रतियोगिता गरिएको छ । २० गते शनिबार सफा हेटौंडा अभियानअन्तर्गत् विशेष सरसफाई कार्यक्रममा १९ वटै वडाका टोल विकास संस्थाहरुले सरसफाइ गरेका छन् । सोही दिन वातावरण सचेतनासम्बन्धी साइकल ¥याली तथा सम्मान कार्यक्रम र फलफूलका वृक्षरोपणसमेत गरिएको छ । साताव्यापी कार्यक्रममो अन्तिम दिन आज सोमबार वातावरण सचेतनासम्बन्धी ¥यालीसहित समापन, पुरस्कार वितरण तथा सम्मान कार्यक्रम हुँदैछ ।

वातावरण दिवस मनाउन थालेको ५ दशक पूरा भए पनि वातावरणीय समस्या थप जटिल बन्दै गएको छ । पछिल्लो समयमा जलवायु परिवर्तनले विश्वब्यापीरुपमा थुप्रै समस्या निम्त्याइरहेको छ । जलवायु परिवर्तनका कारण पृथ्वीको पर्यावरणीय सन्तुलन नै खल्बलिन थालेको छ । विश्वब्यापीरुपमा बढ्दै गएको जलवायु परिवर्तनको असरले नेपाललाई समेत प्रभावित पारिरहेको छ । जलवायु परिवर्तन तथा वातावरणीय असन्तुलनकै कारण कतै खडेरी, कतै अति बर्षात्जस्ता प्राकृतिक प्रकोप बढेका छन् । बढ्दो विश्वव्यापी तापमान र यसको परिणामस्वरुप गर्मी बढेर हिमाली क्षेत्रको हिउँ पग्लिने क्रम बढ्दो छ । हिउँ पग्लने क्रम बढ्दै गएपछि हिमालहरु कालापत्थर हुने खतरा बढ्नुका साथै समुद्र सतहको उचाइ बढ्दै जाँदा समुद्री किनारका शहरहरु डुबानमा पर्ने सम्भावना उच्च बनेको छ । कार्बनजन्य र अन्य औद्योगिक ग्यासको बढ्दो उत्पादन र प्रयोगले वायुमण्डमा ओजोन तहको विनाश पनि बढ्दै गएको छ । वनजंगल र वन्यजन्तुहरु मासिने क्रममा छन् ।

बढ्दो वातावरणीय विनाशका कारण विश्वव्यापीरुपमा देखिएका समस्या समाधानका लागि वातावरण दिवसले आवश्यक सचेतना प्रदान गर्नु आवश्यक छ । वातावरण सन्तुलन राख्न प्रकृतिको संरक्षण गर्नुपर्छ । यसका लागि आम मानिसका क्रियाकलाप प्रकृतिमैत्री हुनुपर्छ । केही औपचारिक कार्यक्रम गरेर वातावरण दिवस मनाइरहँदा यसले हामीलाई प्रकृतिको माया गर्न सिकाउन सक्नुपर्छ । जीवन र प्रकृतिबीचको सम्बन्ध सबैलाई बुझाउनुपर्छ । वातावरण विनाशप्रति सचेत भई वातावरण संरक्षणका लागि सधैं अग्रसरता देखाउनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : विभिन्न क्षेत्रबाट मान सम्मान प्राप्त हुने योग छ । |
| वृष | : घर–व्यवहारका काममा खर्च बढ्ने समय योग छ । |
| मिथुन | : साहित्यिक र बौद्रिक लेखन कार्यमा सरिक भइने छ । |
| कर्कट | : काममा ढिलासुस्ती र दौडधूप बढ्न सक्ला । |
| सिंह | : काममा सोचे जस्तै सफलता प्राप्त हुने योग छ । |
| कन्या | : जग्गा जमिन सम्बन्धि कारोबारमा समय बित्ला । |
| तुला | : बौद्रिक र प्राज्ञिक क्षेत्रबाट ला प्राप्त होला । |
| वृश्चिक | : वैदेशिक प्रयोजनका कामबाट लाभ प्राप्त होला । |
| धनु | : आर्थिक स्तरमा वृद्धि हुने समय योग छ । |
| मकर | : सानो प्रयासले रोकिएका कामहरु बन्ने योग छ । |
| कुम्भ | : कर्मक्षेत्रमा गरिएका प्रयासहरु सफल होलान् । |
| मीन | : धार्मिक तथा दार्शनिक विषयमा मन जाला । |

# "म बाँच्न चाहन्छु"

कथा



✍ श्यामप्रसाद श्रेष्ठ

"यो कुनै कथा होइन, यो मैले देखेको र आफैंले भोगेको व्यथा हो । विज्ञान तथा प्रविधिको नयाँ–नयाँ आविष्कारको कारण विश्व चर्मोत्कर्षमा पुगिसकेको पनि शताब्दि भइसकेको थियो । विश्वका अधिकतम राष्ट्रहरु ब्रम्हाण्डमा महाशक्तिशाली बन्ने दौडमा प्रतिस्पर्धा गरिरहेका थिए । विश्व एउटा विज्ञानको नयाँ–नयाँ आविष्कारको खुल्ला प्रयोगशाला जस्तो देखिन्थ्यो । अब ब्रम्हाण्डमा विज्ञानको नयाँ आविष्कारको अन्त्य भयो होला जस्तो लाग्दथ्यो, तर विज्ञान तथा प्रविधिको यात्रा अझ निरन्तर अन्तहिन गन्तव्यतर्फ फड्को मार्दै थियो । परिणामस्वरुप सिंगो पृथ्वी गगनचुम्बी कंक्रिट भवनको शहर जस्तो देखिन्थ्यो । विश्व एउटा विषाक्त ग्याँस उत्पादन गर्ने विशाल औद्योगिक क्षेत्र जस्तो देखिन्थ्यो ।

पृथ्वी रासायनिक तथा आणविक युद्ध सामग्री उत्पादन भण्डार जस्तो देखिन्थ्यो । पृथ्वीमा मानवका लागि आवश्यक खाद्यान्न उब्जाउन उर्वरा भूमिको अभाव भैसकेको थियो । पृथ्वीमा विभिन्न मानवीय गतिविधिका कारण प्रकृतिको नाश भैसकेको थियो । अत्यधिक कार्बन उत्सर्जन भै तापक्रम वृद्धिको कारण विश्वका सबै हिमालहरु हिउँविहिन नांगो ढुङ्गाको पहाडको रुपमा परिवर्तन भैरहेको थियो । विश्वका ठुल–ठुला पहाडहरु विस्तारै भु–स्खलन र भु–क्षयको कारण मरुभूमिमा परिणत हुँदै थियो । साना–ठुला पानीको मुहानहरु कुवा, इनार, खोला–नाला, पोखरी, ताल झरना सबै सुकिसकेका थिए । समुन्द्र सुकेर ताल, पोखरी जस्तो देखिएको थियो ।

शक्तिशाली देशहरुबीच पानीको मुहानका लागि बेला–बेलामा युद्ध हुने गर्दथ्यो । समुन्द्रले निलेको समुन्द्र छेउका कैयौ देशहरु फेरि अस्तित्वमा देखिएको थियो । पृथ्वीमा अक्सिजन ग्यासको अभावको कारण विकसित राष्ट्रहरुले आफ्ना धनी जनताहरुलाई अन्तरिक्षका साथै मंगलग्रह, चन्द्र ग्रहका साथै अन्य ग्रहहरुमा सुरक्षित बसाइँ सारिसकेका थिए । विकसित राष्ट्रहरुले अन्तरिक्षमा अक्सिजन ग्यासको प्लान्ट खोली पृथ्वीका सबै देशहरुमा भण्डारण गरी घर–घरमा पाइप लाइन बिछ्याई ग्यास बिक्री वितरणको व्यवस्था मिलाइएको थियो । मानिसहरु श्वास प्रश्वासका लागि पछाडि पिठ्युमा ग्यासको सिलिण्डर बोकेर नाकमुखमा अक्सिजनको पाइप जोडेर बाँचिरहेका थिए ।

ब्रम्हाण्डमा मानव बाहेक अन्य प्राणी लोप भैसकेका थिए । मानव जातिको प्राण पनि दिन प्रतिदिन संकटमा पर्दै थियो । विश्वको अधिकांश देशहरुले आ–आफ्नो यानहरु सुरक्षित राख्न खुल्ला आकाश पनि विभाजन गरी आआफ्नो नियन्त्रणमा राखेका थिए । एक पटक चन्द्र ग्रहमा पानीको स्रोतको उपयोग बारेमा शक्तिशाली राष्ट्रहरुबीच बढेको विवादको कारण धेरै लामो समय आकाश मार्गमा यानहरुको आवत–जावत अवरुद्ध भै पृथ्वीको अन्य ग्रह तथा अन्तरिक्ष बीच व्यावसायिक कारोबार साथै अन्य सबै सम्बन्धबिच्छेद हुन पुग्यो ।

सम्बन्धबिच्छेद भएको एक शताब्दीपछि एउटा यान पृथ्वीमा अवतरण भयो । उक्त यानबाट अग्ला–अग्ला मोटाघाटा केही मानव जस्तो देखिने केही समुह एउटा ठूलो बन्द बाकस लिएर धर्तीमा ओर्लियो । धर्तीमा ओर्लिने बित्तिकै सबैले धर्तीलाई शिर निहुरिएर ढोगे । तिनीहरुले उभिएर शीर ठाडो गर्दै टाढा–टाढासम्म धर्तीलाई नियाले । निस्तब्ध प्राणिबिहिन सुनसान धर्ती देखे । अनि मानवले निर्माण गरेको विकासको खण्डहर हेरे । ती मध्ये एकले धर्तीको माटो हातमा उठाउँदै बोल्यो, "मेरो पूर्वज मानवको आश्रयस्थल हे धर्ती माता ! म मेरो पूर्वज मानवको सन्ततिको नाताले प्रकृतिको जुन संहार स्वयम् मानवले गऱ्यो त्यसका लागि म क्षमा याचना गर्दछु । हे मेरो पूर्वज मानव ! तिमीले शक्तिशाली बन्ने दौडमा विज्ञान र प्रविधिको दुरुपयोग गर्यौ, कार्वन उत्सर्जन अधिकतम गर्यौ, वातावरण संरक्षणको विश्वव्यापी नारालाई सिर्फ पाखण्ड ठान्यौ, प्रकृतिलाई निजि उपयोगको बस्तु ठानी प्रकृतिको विनाश गऱ्यौ । विज्ञान र प्रविधिलाई कलंकित बनायौ । अब यो उजाड मरभूमिलाई म पुनः प्राणी बस्न योग्य धर्तीको रुपमा परिवर्तन गर्न वातावरण संरक्षण गर्ने प्रण गर्दछु ।" भन्दै उसले सँगै ल्याएको ठूलो बाकस खोल्यो । त्यहाँ थुप्रै बिरुवाहरु थिए । ती बिरुवाहरुलाई खाल्डो खन्दै उसले वृक्षरोपण गर्दै थियो । यहि क्रममा यत्रतत्र छरिएर रहेको सिलिण्डरलाई देखाउँदै एकले सोधे, "यो सिलिण्डर जतातत्तै देखिन्छ, किन हो ?" उसको प्रश्न सुनेर पहिलोले जवाफ दियो, "पृथ्वीमा मानवलाई सास फेर्न अक्सिजन ग्यास धर्तीमा नभएकोले हामीले हाम्रो ग्रहबाट अक्सिजन पठाएका थियौं र यिनिहरु बाँचिरहेका थिए । जब आकाश मार्ग धेरै लामो समय अवरुद्ध भयो तब पृथ्वीमा भएको सबै मानवहरु अक्सिजन ग्यासको अभावमा मरे । ती सबै मरेपछि लाश कुहिएर माटोमा मिल्यो, अनि यो सिलिण्डर मात्र देखिएको हो ।" भन्दै वृक्षरोपण गर्न थाले ।

अब हे सिलिण्डर ! तिमी नै भन ! के तिनिहरुले भने जस्तो म मरिसकेको छु ? के अहिले हामी दुबै जिवित होइन र ? हे सिलिण्डर मैले मेरो सबै व्यथा तिमीलाई सुनाएँ । तिनिहरुले वृक्षरोपण गरेको देखेर फेरि पनि बाँच्ने आशा पलाएर आयो ।" तिनीहरु वृक्ष लिएर अगाडि बढन लागेको देखेर मैले तिनीहरुलाई बोलाउँदै भने, "मलाई सास फेर्न गाह्रो भो ! त्यो एउटा वृक्ष मेरो नजिक पनि रोपिदेउ न ! अलिकती अक्सिजन हावा पाए बाँच्ने थिएँ ।"

तर तिनिहरुले सुनेनन्, म फेरि चिच्याएर कराएँ, "म बाँच्न चाहन्छु, म बाँच्न चाहन्छु ।" म निसासिँदै छटपटिएँ । छटपटिँदै गर्दा म कहिँबाट झरेँ जस्तो लाग्यो । चारैतिर हेरेँ, पलङबाट भुइँमा झरेको रहेछु । "हैट ! कस्तो डरलाग्दो सपना पो देखे छु ? सोचेँ, "साँच्चिनै यो सपना यो धर्ती र प्राणी जगतको निमित्त सम्भाव्य दुर्घटनाको एउटा पूर्व संकेत हुनु पर्दछ, यसैले यसको बचाउ र रोकथामका लागि आजैदेखि म वातावरण संरक्षण र प्रबर्द्धनको निमित्त वृक्षरोपण गर्दछु । तपाई नि..?"

# जलवायु परिवर्तन विचार गर्नुपर्ने एउटा विषय

*जलवायु परिवर्तन एकल राष्ट्रको मात्र समस्या होइन । यो विश्वव्यापी समस्या हो । जलवायु परिवर्तनका कारण हरेक राष्ट्र नराम्ररी प्रभावित भएका छन्, त्यसैले हामी सबै मिलेर जलवायु परिवर्तनको समाधानका लागि एक अर्कालाई सहयोग गर्नुपर्छ ।*



✍ आकृति सूर्यवंशी

जलवायु परिवर्तनले तापमान र मौसमको ढाँचामा दीर्घकालीन परिवर्तनलाई जनाउँछ । प्रायः जलवायु परिवर्तन प्राकृतिक रूपमा हुन्छ तर आजको सन्दर्भमा मानवीय गतिविधिका कारण जलवायु परिवर्तन भइरहेको छ । मानवीय गतिविधिले जलवायु परिवर्तनको अवस्था बिग्रँदै गएको छ ।

जलवायु परिवर्तन विश्वव्यापी समस्या हो । जलवायु परिवर्तनका कारण एउटै राष्ट्र मात्र नभई विश्वले नै सबैभन्दा नराम्रो असर भोगिरहेको छ । यसले देशको सामाजिक, आर्थिक, साँस्कृतिक पक्षलाई असर गरिरहेको छ । विकसित राष्ट्रले जलवायु परिवर्तनको क्षतिलाई न्यूनीकरण गर्न सक्छ तर नेपालजस्ता विकासोन्मुख राष्ट्रका लागि यो धेरै गाह्रो छ ।

नेपाल विकासोन्मुख राष्ट्र हो । हरेक वर्ष ठूलो संकटको सामना गर्नुपर्ने हुन्छ । हामी सबैलाई थाहा छ हाम्रो देश कृषि प्रधान देश हो । ८० प्रतिशतभन्दा बढी मानिस कृषिमा निर्भर छन् । जलवायु परिवर्तनका कारण यस क्षेत्रमा लागेका मानिसहरू विभिन्न समस्याको सामना गरिरहेका छन् । जलवायु परिवर्तनले कृषि क्षेत्रमा नराम्ररी असर गरिरहेको छ । जलवायु परिवर्तनका कारण मनसुन समयमा आउन सकेको छैन । देशका केही स्थानमा भारी वर्षा भइरहेको छ भने केही स्थानमा पानी परेको छैन । दुवै वातावरण गुणात्मक र मात्रात्मक उत्पादनहरूको लागि उपयुक्त छैन ।

जलवायु परिवर्तनका कारण नेपालले हरेक वर्ष बाढी, पहिरोजस्ता विभिन्न प्रकोपको सामना गर्नुपर्ने हुन्छ । हजारौं मानिसले आफ्नो बहुमूल्य जीवन र सम्पत्ति गुमाउनु परेको छ । ठूलो धनजनको क्षति भएको छ । महिला, सीमान्तकृत र आदिवासी जनजातिको जीवनशैली नराम्ररी प्रभावित भएको छ । हिउँ पग्लिएर पानीको बहाव तीव्र बन्दै गएको छ र पानीको सतह बढेको छ । खोलाको छेउमा बसोबास गर्ने मानिसले ज्यान जोगाउन बाध्य छन् ।

तापक्रम दिनानुदिन बढिरहेको छ । तापक्रममा स्थिरता छैन । जाडोमा असह्य चिसो र गर्मीमा असह्य गर्मी हुन्छ । मौसमको यो उतारचढावका कारण धेरैलाई विभिन्न रोग लाग्ने गरेको छ । यसको असर शिक्षा प्रणालीमा पनि परेको छ । गर्मीमा असह्य गर्मीका कारण विद्यार्थी वाकवाकी र बान्ताको सिकार भएका छन् । त्यसैले उनीहरु आफ्नो अध्ययनमा ध्यान दिन सक्दैनन् । जलवायु परिवर्तन हाम्रो देशको पारिस्थितिक प्रणाली र जैविक विविधता पनि हो । वन्यजन्तुका लागि अति महत्वपूर्ण सिमसार क्षेत्र खडेरी बन्दै गएको छ । यसले विभिन्न जनावर तथा चराचुरुङ्गीलाई नराम्रो असर गरिरहेको छ ।

संयुक्त राष्ट्रका प्रतिवेदनहरूको एक श्रृंखलामा, हजारौं वैज्ञानिकहरू र सरकारी समीक्षकहरूले विश्वव्यापी तापमानको वृद्धिलाई १.५ डिग्री सेल्सियसभन्दा बढीमा सीमित गर्नाले हामीलाई सबैभन्दा खराब जलवायु प्रभावहरूबाट बच्न योग्य वातावरण कायम राख्न मद्दत गर्नेछ भनी सहमत भएका छन् । नेपाल जलवायु परिवर्तनको महासन्धिको पक्षराष्ट्र हो । हाम्रो देशले कार्बन उत्पादन घटाउने संकल्प गरेको छ । यसबाहेक, सन् २०५० सम्ममा यसले शून्य कार्बन न्यूनीकरण गर्ने संकल्प गरेको छ । मुलुकमा खपत हुने कुल ऊर्जामध्ये १५ प्रतिशत स्वच्छ ऊर्जा र ४५ प्रतिशतलाई वनक्षेत्रले ढाक्ने निर्णय गरेको छ ।

विश्वको हरितगृह उत्सर्जनमा नेपालको योगदान ०.०२७ प्रतिशत मात्र छ तर, जलवायु परिवर्तनको असरबाट सबैभन्दा बढी जोखिममा रहेका देशहरूको सूचीमा यो चौथो स्थानमा आउँछ । हाम्रो देशको कार्बन उत्सर्जन कम भए पनि हामीले जलवायुको ठुलो असरको सामना गरिरहेका छौं । यो सब विकसित राष्ट्रबाट हुने कार्बन उत्सर्जनको कारण हो । विकसित राष्ट्रले आफ्नो गतिविधिले जलवायु परिवर्तनमा कसरी योगदान पुऱ्याइरहेको छ र विकासोन्मुख राष्ट्रहरूका गरिबहरूलाई प्रतिकूल असर पारिरहेको छ भन्ने कुरामा विचार गर्नुपर्छ ।

जलवायु परिवर्तनका परिणामहरू खतरनाक छन् । त्यसैले हामीले जलवायु परिवर्तन न्यूनीकरणमा योगदान गर्नुपर्छ । यसका लागि कार्बन उत्सर्जन घटाउनुपर्छ । वन कार्बन उत्सर्जनको उत्कृष्ट अवशोषक हो, त्यसैले वृक्षरोपण र वन क्षेत्र बढाउनुपर्छ । विकसित सहरमा सडक किनारमा वृक्षरोपण गर्नुपर्छ । वन फँडानी र आगलागी घटाउनुपर्छ । हरितगृह ग्यासको उत्सर्जन न्यूनीकरण गर्नुपर्छ । इन्धनको उपभोग गर्नुको सट्टा ऊर्जाको वैकल्पिक स्रोतमा विचार गर्नुपर्छ ।

जलवायु परिवर्तन एकल राष्ट्रको मात्र समस्या होइन । यो विश्वव्यापी समस्या हो । जलवायु परिवर्तनका कारण हरेक राष्ट्र नराम्ररी प्रभावित भएका छन्, त्यसैले हामी सबै मिलेर जलवायु परिवर्तनको समाधानका लागि एक अर्कालाई सहयोग गर्नुपर्छ । जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण र योजनालाई कार्यान्वयन गर्न आवश्यक भएमा विकासोन्मुख राष्ट्रहरूलाई आर्थिक सहयोग उपलब्ध गराउन विकसित राष्ट्र हिचकिचाउनु हुँदैन । जलवायु परिवर्तन संसारको सबैभन्दा ठूलो समस्या हो । यो समस्या दिन प्रतिदिन बढ्दै गएको छ । यदि हामीले यसलाई सकेसम्म चाँडो रोक्न सकेनौं भने, हाम्रो संसारले खतरनाक परिणामहरू सामना गर्नेछ । हाम्रो देश जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित राष्ट्र भएकाले तुरुन्त र बुद्धिमानीपूर्वक कदम चाल्नुपर्छ । यसका लागि सरकारले जिम्मेवार ढंगले काम गर्नुपर्छ, योजना र नीतिहरू कार्यान्वयन गर्नुपर्छ, जनतालाई सचेत गराउनुपर्छ । साथै, अन्य राष्ट्रहरूसँग सुमधुर सम्बन्ध र अन्तरक्रिया हुनुपर्छ ।

*(तेस्रो सेमेस्टर, कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन संकाय, हेटौंडा)*

# “फोहोरमैला व्यवस्थापन प्रमुख चुनौतीको रुपमा देखिन्छ”

विश्व वातावरण दिवस २०८० को अवसरमा टोल विकास संस्था नगर समन्वय समिति हेटौँडा र हेटौँडा उपमहानगरपालिकाको समन्वयमा सप्ताहव्यापी कार्यक्रम भइरहेको छ। सप्ताहव्यापी कार्यक्रम अन्तर्गत सोमबार कार्यक्रमको अन्तिम दिन रहेको छ । वातावरण संरक्षणमा समग्र रुपमा कस्ता कामहरु भए, भोलिका दिनमा टोल विकास संस्थाले वातावरण संरक्षणका लागि कस्तो कार्य गर्छ भनी टोल विकास संस्था नगर समन्वय समिति हेटौँडाका अध्यक्ष ध्रुव अधिकारीसँग समाज संवाददाता रामकृष्ण घोरासैनीले गर्नुभएको कुराकानीः

**समाजः विश्व वातावरण दिवसको अवसरमा सप्ताहव्यापी कार्यक्रमहरु के के भए ?**

**अधिकारी**ः हामीले विश्व वातावरण दिवस २०८० को अवसरमा जेठ १६ गतेदेखि सप्ताहव्यापी कार्यक्रम गर्दै आइरहेका छौँ। यसअन्तर्गत जेठ २२ गते अर्थात जुन ५ को दिन वृहत वातावरण सचेतना र्‍याली र सप्ताहव्यापी कार्यक्रमको समापन गरी विश्व वातावरण दिवस मनाउँछौँ ।

**समाजः उपमहानगरपालिकामा टोलविकास संस्थाहरुले वातावरण दिवसको समयमा मात्रै काम गर्ने नभई यसलाई कसरी निरन्तरता दिन सकिन्छ होला ?**

अधिकारीः टोल विकास संस्थाहरुले निरन्तर रुपमा सफा हेटौँडा लगायतका विभिन्न अभियानहरु सञ्चालन गर्ने क्रममा वातावरण क्षेत्रमा साप्ताहिक वा पाक्षिक रुपमा निरन्तर सरसफाई अभियानलाई निरन्तरता दिँदै आइरहेका छन् । तर वातावरण दिवसमा हामीले सप्ताहव्यापी कार्यक्रमहरु गर्दै आएका छौँ । यो सन्दर्भमा वृहत वातावरणीय प्रदर्शन पनि गर्छौं । मिडियामा यस्तो बेला मात्र अलि बढी चर्चा हुने भएकोले मात्र यस्तो देखिन गएको हो । तथापी हामी वातावरण संरक्षण, वातावरण सरसफाईको सन्दर्भमा निरन्तर रुपमा काम गर्दै आइरहेका छौँ ।

**समाजः हेटौँडा उपमहानगरभित्र वातावरणसँग सम्बन्धित समस्या र चुनौतीहरु के कस्तो देखिन्छ ? यसको न्यूनीकरणका लागि तपाईंहरु कसरी अगाडि बढ्दै हुनुहुन्छ ?**

**अधिकारी**ः नगरभित्रको वातावरणसँग सम्बन्धी फोहोरमैला व्यवस्थापन प्रमुख चुनौतीको रुपमा देखिन्छ । वर्षौंदेखि फोहोर फाल्दै आएको राप्ती किनारको डम्पिङ साइड लगभग भरिसकेको अवस्था छ । त्यसकारण हामीले फोहोरलाई डम्पिङ साइडमा नफाली वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्नुपर्छ भनी लागीपरेका छौँ । हामीले फोहोरमैलाहरुलाई त्यसको स्रोतमै वर्गीकरण गर्नुपर्छ भनी अभियानहरु पनि चलाएका छौँ । तर यो अभियान सोचेजस्तो प्रभावकारी हुन सकेको छैन । त्यसकारण यसलाई प्रभावकारी बनाउनका लागि नागरिक समाजसम्म गएर सचेतना जगाउने र टोल विकासमार्फत व्यक्तिसम्म पुग्ने अभियानहरु सञ्चालन भइरहेको छ ।

**समाजः जुन ५ गते सप्ताहव्यापी कार्यक्रमको अन्तिम दिन के कस्ता कार्यक्रमहरु गर्ने तयारी छ ?**

**अधिकारी**ः विश्व वातावरण दिवसको अवसरमा भइरहेको सप्ताहव्यापी कार्यक्रम अन्तर्गत हामीले शुरुका दिनमा हाम्रो



**ध्रुव अधिकारी, अध्यक्ष**
**टोल विकास संस्था नगर समन्वय समिति हेटौंडा**

प्राकृतिक सम्पदाको संरक्षण गर्नुपर्छ र हाम्रो बालबालिकालाई पनि स्वच्छ र सफा खोला हस्तान्तरण गर्नुपर्छ भन्ने उद्देश्यले कर्रा र राप्ती खोला सफा गर्‍यौं । यसपछि हामीले बालबालिकालाई पनि यो अभियानमा जोडेर लान सक्यो भने परिवार र समाजसम्म पनि सकारात्मक सन्देश पुग्छ भन्ने हिसाबले बाल क्लबस्तरीय वक्तृत्वकला पनि आयोजना गर्‍यौं । त्यसपछि हामीले “मेरो फोहोर, मेरो जिम्मेवारी” अभियान विद्यालयहरुमा चलायौं । सँगसँगै अहिलेको युवायुवतीहरुको क्रेज सामाजिक सञ्जालमा धेरै भएकोले टिकटक प्रतियोगिता आयोजना गर्‍यौं ।

यात्रुहरुलाई सचेतना जगाउनका लागि करिब ६ सय सार्वजनिक यातायातहरुमा वातावरणीय सन्देशमूलक स्टिकर टाँस्नुका साथै डस्टबिन वितरण गर्‍यौं । प्लाष्टिकको झोलारहित हेटौँडा बनाउनका लागि हामीले विभिन्न अन्तरक्रिया कार्यक्रमहरु र वातावरण संरक्षणसम्बन्धी सडक नाटक पनि गरिसकेका छौँ । यी सबै कार्यक्रमहरुको अन्तिम दिनको रुपमा हामीले भोलि (सोमबार) को दिनलाई लिएका छौँ । सोमबार हामी वातावरण सचेतनामूलक र्‍यालीको आयोजना गर्ने र प्लाष्टिक विस्थापित गर्ने उद्देश्यले कपडाको झोला वितरण गरी कार्यक्रम समापन गर्नेछौँ ।

**समाजः टोल विकास संस्थाहरुलाई वातावरण संरक्षणसम्बन्धी कार्यक्रमहरुमा कसरी अगाडि लग्नुहुन्छ ?**

अधिकारीः वातावरण संरक्षण र सम्बर्द्धन भनेको हामी सबैको दायित्व र जिम्मेवारी हो । दुई चार जनाले वा कुनै समुदायले सोचेर वा काम गरेर मात्र यो वातावरण संरक्षण हुन सक्दैन । जबसम्म हरेक व्यक्तिले वातावरण संरक्षणको सन्दर्भमा मेरो जिम्मेवारी हो भन्ने सम्झिँदैन तबसम्म यो सफल हुन सक्दैन । हामी कुनै सार्वजनिक स्थान, बसपार्क वा कुनै बजार विशेष सरसफाई गरिरहेका छैनौं । हामीले अहिले १९ वडामा रहेका ३ सय ६५ वटै टोल विकास संस्थालाई आह्वान गरी यो अभियान सञ्चालन गरेका छौँ । त्यो सन्दर्भमा प्लाष्टिकरहित हेटौँडा बनाउन, टोलविकास संस्थाहरुलाई जोडेर अघि बढ्न र सफा हेटौँडा बनाउन हामीले नगरपालिकालाई अनुरोध गरेका छौँ ।

# महिला उद्यमी सञ्जालमा सुशीला

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशका महिला उद्यमीहरुको सञ्जालमा मकवानपुरकी सुशील पाण्डे मानन्धर चयन हुनुभएको छ । शुक्रबार र शनिबार दुई दिवसीय कार्यशालापछि प्रदेशस्तरीय सञ्जालको तदर्थ समिति गठन गरिएको हो ।

तदर्थ समिति १९ सदस्यीय रहेको छ । मकवानपुर महिला उद्यमी व्यवसायी संघको आयोजनामा दुईदिवसीय कार्यशाला भएको हो । कार्यशालाका लागि हेटौँडा उपमहानगरपालिकाले सहयोग गरेको थियो ।

# मनहरीमा पनि गर्मी विदा, बिहानी कक्षा नहुने

समाज संवाददाता

**हेटौँडाः अत्यधिक गर्मी बढेसँगै मकवानपुरको मनहरी गाउँपालिकामा पनि पठनपाठन बन्द हुने भएको छ। आइतबार सूचना जारी गर्दै गाउँपालिकाका शिक्षा अधिकृत हरिचन्द्र सापकोटाले गाउँपालिकाभित्रका विद्यालय बन्द हुने जानकारी गराउनुभएको हो।**

**सूचनामा आज सोमबारदेखि शुक्रबार सम्मका लागि विदा दिने निर्णय उल्लेख गरिएको छ। पालिकाले यसअघि शुक्रबार बिहानी कक्षा सञ्चालनमा ल्याउने निर्णय गरेको थियो । गाउँपालिकाले सूचना जारी गर्दै आइतबारदेखि अर्को सूचना नभएसम्मका लागि बिहानी कक्षा सञ्चालन गर्न विद्यालयहरुलाई आग्रह गरेको थियो।**

**गर्मीका कारण विद्यालयहरुमा विद्यार्थीहरु बिरामी पर्न थालेको कारण पठनपाठनमा असहजता भएको गुनासो विद्यार्थी, अभिभावक, शिक्षक र अन्य सरोकारवालाहरुबाट आउन थालेपछि विदा गराउने निर्णय भएको सूचनामा उल्लेख छ। सूचनामा विद्यालयले बालबालिकाहरुलाई ५ दिनसम्मको लागि गृहकार्य दिएर पठाउन भनिएको छ । बालबालिकाहरुलाई दिउँसो घाम लागेको बेला बाहिर निस्कन नदिई सिर्जनात्मक कार्य गरी बस्ने वातावरण मिलाउन भनिएको छ । यस्तै, बालबालिकाहरुलाई गर्मीको समयमा स्वास्थ्य समस्या आउनसक्ने खानेकुराबाट टाढा राख्न भनिएको छ।**

# जीप दुर्घटनामा ३ जनाको मृत्यु

बुटवलः पाल्पामा जीप दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ । रुपन्देहीको सालझण्डीबाट अर्घाखाँचीतर्फ गइरहेको लु १ च ९०२४ नम्बरको जिप पाल्पाको रैनादेवी छहरा-८, सत्यवतीस्थित केवरेडाँडामा दुर्घटनामा परेको हो । मृतकमध्ये दुई महिला र एक पुरुष रहेका छन् । घाइते भएकाहरुलाई उद्दार गरी रुपन्देहीस्थित लुम्बिनी प्रादेशिक अस्पताल पठाइएको पाल्पाका प्रहरी नायव उपरीक्षक (डीएसपी) वीरेन्द्र थापाले बताए। उनका अनुसार दुर्घनाग्रस्त जीप सडकदेखि करिब ७० मिटर तल खसेको छ । दुर्घटनाका मृतक र घाइतेको पहिचान खुल्न बाँकी रहेको जिल्ला प्रहरी कार्यालय पाल्पाका डीएसपी थापाले बताए । दुर्घटनाको कारण नखुलेको प्रहरीले जनाएको छ।

स्रोतः अनलाइनखबर।

# वक्तृत्वकला प्रतियोगितामा लौडारी प्रथम

समाज संवाददाता

हेटौँडाः जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवसको अवसरमा हेटौँडामा आयोजित वतृत्वकला प्रतियोगितामा कृतिका लौडारी प्रथम भएकी छिन् । आइतबार सामाजिक अभियान सञ्जाल, हेटौँडा-४ को आयोजना, स्वतन्त्र विद्यार्थी युनियन, हेटौँडा क्याम्पसको व्यवस्थापन तथा ४ नम्बर वडा कार्यालयको विशेष सहयोगमा भएको वक्तृत्वकला प्रतियोगितामा लौडारी प्रथम भएकी हुन् ।

“सामाजिक विकासका लागि जातीय विभेद एक चुनौति” विषयक प्रतियोगितामा प्रथम भएकी लौडारी कृषि तथा वन विश्वविद्यालयकी विद्यार्थी हुन् । यस्तै हेटौंडा क्याम्पसकी आकृति घिमिरे द्वितीय र सिद्धार्थ माविकी प्रकृति अर्याल तृतीय भएका छन् । यस्तै महेन्द्र किरण माविका रोशन लामिछाने सान्त्वना भएका छन्। प्रतियोगिताको प्रथम, द्वितीय, तृतीय र सान्त्वनालाई क्रमशः ५ हजार, ३ हजार, २ हजार र सान्त्वनालाई १ हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको छ। प्रतियोगितामा विभिन्न शैक्षिक संस्थाबाट २३ जना विद्यार्थीको सहभागिता रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि ४ नम्बर वडाका अध्यक्ष नवीन सिग्देलले मानवीय विभेद आज पनि समाजमा रहेको बताउनुभयो। यसले सामाजिक विकासमा अवरोध र समस्या सिर्जना गरिरहेको बताउनुभयो। उहाँले कागजमा मात्र नभई व्यवहारबाट नै विभेद अन्त्य हुनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा गैससकी महिला नेतृ सुनिता दर्नाल, केन्द्रीय प्रशिक्षण विभाग सदस्य कमलकुमार विश्वकर्मा, गैसस मकवानपुरका उपाध्यक्ष कुमारी वाईबा, शैक्षिक गुणस्तरीय सुधार समिति, हेटौँडा-४ का अध्यक्ष श्रीराम दाहाल, वडा कार्यालयका सचिव टीका कँडेल, मकवानपुर क्याम्पसका स्ववियु सभापती छोईसाङ लामा, स्ववियु हेटौँडा क्याम्पसका अध्यक्ष अभि मैनाली लगायतको उपस्थिति रहेको थियो ।

**श्री महेन्द्र किरण माध्यमिक विद्यालय**
**(प्राविधिक शिक्षालय)**
**हेटौंडा उपमहानगरपालिका-११, मकवानपुर,**

**शिक्षक आवश्यकता**

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०२/२२ गते*

**शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुर, हेटौंडाको प.सं. २०७९/०८० च.नं. १२१५, मिति २०८०/०२/२१ को अनुमति अनुसार यस विद्यालयमा रिक्त निमावि तह, तृतीय श्रेणी, सामाजिक विषय शिक्षक पदपुर्तिका लागि योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूबाट रितपूर्वकको दरखास्त आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारिका लागि अनुरोध छ ।**

**विज्ञापन नं.: ८/२०७९/०८०**
**पदः शिक्षक**
**माग सङ्ख्याः १ (एक)**
**सेवाको प्रकारः अस्थायी करार**
**न्यूनतम् शैक्षिक योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाण-पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी निमावि तहको अध्यापन अनुमति-पत्र प्राप्त ।**
**उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।**
**तलब तथा अन्य सेवा सुविधाः नेपाल सरकारको नियमानुसार ।**
**छनौटको किसिमः शिक्षक सेवा आयोग नियमावली अनुसार**
**परीक्षा दस्तुरः रू. १,०००/-**
**दरखास्त दिने अन्तिम मितिः शिक्षक सेवा आयोगको सम्बन्धित तह र विषयको करार सूचीमा रहेकाहरुका लागि मात्र २०८० जेठ २८ गते कार्यालय समय भित्र र खुलाका लागि २०८० जेठ २९ गतेदेखि २०८० असार ४ गते कार्यालय समय भित्र ।**
**सम्पर्क मितिः २०८० असार ६ गते बिहान ११:०० बजे ।**
**परीक्षाको मितिः सम्पर्क मितिमा तोकिनेछ ।**
**आवश्यक कागजातः नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको स्वःप्रमाणित प्रतिलिपि ।**
**स्वःहस्तलिखित दरखास्त, परीक्षा दस्तुर बुझाएको विद्यालयको नगदी रसिद ।**
**विशेषग्राह्यताः खुलाको हकमा माथिल्लो योग्यता भएकालाई ।**
**नोटः-**
**१) शिक्षक सेवा आयोगको करार सूचीमा रहेकाहरुबाट दस्खास्त पेश हुन आएमा करार सूचीको योग्यताक्रमको आधारमा नियुक्ति प्रदान गरिनेछ ।**
**२) तोकिएको समयमा शिक्षक सेवा आयोगको करार सूचीमा रहेकाहरुको आवेदन पर्न नआएमा मात्र खुला उम्मेदवारले दरखास्त दिन सक्नेछ ।**

**नारायणप्रसाद भण्डारी**
**प्रधानाध्यापक**

# कांग्रेसको बागमती गाउँपालिकास्तरीय सम्मेलन

समाज संवाददाता

फापरवारीः मकवानपुरको पूर्वी क्षेत्र फापरवारीमा नेपाली कांग्रेस बागमती गाउँपालिकाको गाउँपालिकास्तरीय सम्मेलन भएको छ। कांग्रेसको केन्द्रीय परिपत्र बमोजिम वडा, गाउँपालिका, क्षेत्र, संघीय, जिल्ला र प्रदेशको सम्मेलन गर्ने कार्यक्रम अन्तर्गत कांग्रेसको बागमती गाउँपालिकाको सम्मेलन भएको हो ।

कांग्रेस बागमती गाउँपालिका सभापति फणिन्द्र तिमल्सिनाको सभाध्यक्षता, कांग्रेस केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिनाको प्रमुख आतिथ्य तथा कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँको विशिष्ट आतिथ्यतामा गाउँपालिकास्तरीय सम्मेलन भएको थियो । कार्यक्रममा कांग्रेस बागमती गाउँपालिकाका नेता तथा कार्यकर्ताको जिज्ञासा र पार्टीको भावी रणनीतिको बारेमा नेताद्वय डिना र बानियाँले जवाफ दिनुभएको थियो ।

सम्मेलनमा कांग्रेस बागमती प्रदेश सदस्य भक्तबहादुर राई, कांग्रेस मकवानपुर सभापति बुद्ध लामा, निवर्तमान कार्यवाहक सभापति विष्णुप्रसाद लामिछाने, पूर्व सभापति रघुरमण न्यौपाने, कांग्रेस जिल्ला सचिव ईश्वर पाठक, सहसचिव ईन्दिरा न्यौपाने, जिल्ला सदस्य आनन्दराम पराजुली, संघीय सभापति दामोदर खनाल, बागमती प्रदेशसभा सदस्यद्वय समिता खड्गी र लक्ष्मी श्रेष्ठ, कांग्रेस नेता ठगेन्द्र वाईबा, पूर्व क्षेत्रीय उपसभापति डिल्लीप्रसाद घोरासैनी, बागमती गाउँपालिका उपसभापति जगतबहादुर भ्लोनलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

**विद्युत आपुर्ति बन्द सम्बन्धि सूचना !!!**

१३२ के.भि. प्रशारण कन्डक्टर अपग्रेड आयोजनाले हाल चौकिटोलदेखि कमाने सवस्टेशनमा रहेको १३२ के.भि. प्रसारण लाईनको तार फेर्ने कार्य गरिरहेको हुनाले (Tower No.32 देखि 25 सम्म) तपशिल बमोजिमको स्थान र समयमा विद्युत सेवा अवरुद्ध हुने व्यहोरा जानकारीको लागि अनुरोध छ। यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधा प्रति ने.वि.प्रा., हेटौडा वितरण केन्द्र क्षमाप्रार्थी छ ।

**तपसिल** :
लाईन अवरुद्ध हुने फिडरः पदमपोखरी फिडर (वडा नं. १५ अन्तर्गत रातोमाटे, सुकौली, रिद्धिसिद्धि सिमेन्ट वरिपरि)
मिति र समयः २०८०।०२।२२ गते सोमबार देखि २०८०।०२।२६ गते सम्म (विहान ९ : ०० बजे बाट बेलुका ६: ०० बजेसम्म ।)
(नोटः समय अगाडि नै काम सकेको अवस्थामा तोकिएको समय अगावै विद्युत संचालन हुनेछ ।)

**नेपाल विद्युत प्राधिकरण**
**हेटौडा वितरण केन्द्र**
**हेटौडा**

हाम्रो सुमो सेवा-२ को
**काउन्टर सरेको जरुरी सूचना**



हेटौँडा-काठमाडौं सुरक्षित, भरपर्दो र गुणस्तरीय सेवा दिँदै आएको यस हाम्रो सुमो सेवा-२ को काउन्टर हेटौँडा-४, अजरअमररोडबाट हेटौँडा-१०, मेनरोड कपुर कल्प्लेक्सअगाडि मिति २०८० साल जेठ १८ गते बिहिबारदेखि सरेको जानकारीका लागि सम्पूर्णमा अनुरोध गरिन्छ। नयाँ स्थानमा थप सुविधा र सहजताका साथ तपाइँको सेवामा हामी सदैव समर्पित रहने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

**हाम्रो सुमो सेवा-२**
**हेटौंडा-१०, मेनरोड (कपुर कम्प्लेक्स अगाडि)**
**०५७-५२५९८८/५२३९८८**
**हटलाइनः ९८५५०-७२२८८**

**स्वादिष्ट नेवारी खाजा**




अब
**होटल बासुकला (फास्टफुड) मा**

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

# हेटौंडा मेयर कपको क्वार्टर फाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौंडाः तेस्रो संस्करणको हेटौंडा मेयर कप फुटबल प्रतियोगिताको क्वार्टरफाइनल समीकरण पूरा भएको छ । प्रतियोगिता अन्तर्गत आइतबार ३ खेल सम्पन्न भएसँगै प्रतियोगिताको क्वार्टरफाइनल समीकरण पूरा भएको हो ।

आइतबार भएको खेलमा १३ नम्बर, १४ नम्बर र १५ नम्बर वडा विजयी हुँदै क्वाटरफाइनलमा प्रवेश गरेको छ । आइतबार भएको खेलमा १० नम्बर वडालाई २-१ गोलअन्तरले हराउँदै १३ नम्बर वडा क्वार्टरफाइनल प्रवेश गरेको हो । १३ नम्बरको जितमा सोहन स्याङ्तान र महेश वाईबाले एक-एक गोल गरे । म्यान अफ द म्याच वाईबा घोषित भए । १० नम्बरका लागि प्रीतम स्याङ्बोले गोल गरेपनि टोलीलाई हारबाट जोगाउन भने सकेनन् ।

यस्तै १८ नम्बरलाई टाइब्रेकरमा ५-४ गोलअन्तरले हराउँदै १५ नम्बर वडा क्वार्टरफाइनल प्रवेश गरेको हो । निर्धारित खेल समय १-१ गोलको बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । १८ नम्बरले एक गोल आत्मघाती उपहार पाएको हो । १५ नम्बरका लागि ऋषि मोक्तानले एक गोल गर्दै टिमलाई बराबरीमा फर्काउन सफल भएका थिए । म्यान अफ द म्याच १५ नम्बरका गोलरक्षक अनिल लो घोषित भए ।

यस्तै, आइतबार बिहान भएको खेलमा १२ नम्बर वडालाई ३-२ गोलअन्तरले पराजित गर्दै १४ नम्बर क्वार्टरफाइनल प्रवेश गरेको हो । शुक्रबार दुई वडाबीच ११ मिनेटको खेल समय जारी रहेको बेला अवरोधपछि रोकिएको थियो । सोही समयमा १४ नम्बरले १२ नम्बरविरुद्ध २ गोल गरेको थियो । शुक्रबार स्थगित समयदेखि नै आइतबार खेल सुरु गरिएको हो । आइतबारको खेलमा १२ नम्बरका लागि अमृत गोले र अभिषेक गोलेले एक-एक गोल गरे । म्यान अफ द म्याच अभिषेक घोषित भए । १४ नम्बरका लागि उमेश गोङ्बाले गोल गरे । शुक्रबारको खेलमा गोङ्बा र प्रताप थोकरले एक-एक गोल गरेका थिए ।

प्रतियोगिताको क्वार्टरफाइनलका खेलहरु सोमबारबाट सुरु हुँदैछ । सोमबारको पहिलो क्वाटरफाइनल खेलमा ९ नम्बर वडा र १४ नम्बर वडाबीच प्रतिस्पर्धा हुनेछ । सोमबारको दोसो क्वार्टर फाइनल खेलमा १ नम्बर वडा र ११ नम्बर वडाबीच प्रतिस्पर्धा हुनेछ । क्वार्टर फाइनल अन्तर्गत मंगलबारको पहिलो खेलमा १५ नम्बर वडा र १९ नम्बर वडाबीच प्रतिस्पर्धा हुनेछ । यस्तै दोस्रो खेल २ नम्बर वडा र १३ नम्बर वडाबीच हुनेछ ।

प्रतियोगिताको सेमिफाइनलका खेलहरु बुधबार र बिहिबार हुनेछ भने फाइनल शनिबार हुनेछ । प्रतियोगिताको विजेता टिमले नगद २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले नगद १ लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । सेमिफाइनल प्रवेश गर्ने दुई टिमले ५०-५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै विधागत उत्कृष्ट खेलाडीहरुले ५-५ हजार रुपैयाँ प्राप्त गर्ने जनाएको छ ।

# बकैया खोलामा डुबेर एक बालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बकैया गाउँपालिकास्थित बकैया खोलामा डुबेर एक बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा बकैया गाउँपालिका-६, बेसीटोलका ११ वर्षीय सन्देश भोम्जन रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

शनिबार दिउँसो ३ बजेको समयमा भोम्जन साथीहरुसँग बकैया खोलामा नुहाउने क्रममा डुबेका थिए । खोलामा डुबेको अवस्थामा सोही ठाउँमा बस्ने मंगल बहादुर थिङले देखेर पानीबाट बाहिर निकाल्दा भोम्जनको मृत्यु भैसकेको प्रहरीले जनाएको छ । भोम्जनको शव मुचुल्का पश्चात पोष्टमार्टमका लागि जिल्ला अस्पताल हेटौंडा ल्याइएको प्रहरीले जनाएको छ ।

# वातावरण दिवसको अवसरमा साइकल ¬याली



समाज संवाददाता

हेटौंडाः विश्व वातावरण दिवसको सन्दर्भमा दीगो विकास संस्थाको आयोजना तथा विश्वविद्यालय तहमा वनविज्ञान विषय अध्ययनरत विद्यार्थीको व्यवस्थापनमा साइकल ¬यालीको आयोजना गरिएको छ । वातावरणीय संरक्षणको सचेतना अभिवृद्धि गर्ने उद्देश्यले आइतबार बिहान हेटौंडा-४, हुप्रचौरबाट साइकल ¬याली सुरु भएको हो ।

साइकल ¬याली मेनरोड, सीमाचोक, बुद्धचोक, कान्तिराजपथ, संगमचोक, मानसचोक, मनकामनाचोक, सानोपोखराचोक, भैरवरोड हुँदै पुनः हुप्रचौरमा पुगेर समापन गरिएको थियो । साइकल ¬यालीपछि हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीना कुमारी लामाले वातावरण संरक्षणमा सबैलाई ध्यान दिन आग्रह गर्नुभयो । वनविज्ञानका विद्यार्थीले आमरुपमा सचेतना अभिवृद्धिमा पनि ध्यान दिन पनि उहाँले जोड दिनुभयो ।

दीगो विकास संस्थाको आयोजनामा आइतबार बिहान हेटौंडासँगै धनगढी, पोखरा, विराटनगर र धुलिखेलमा पनि एकसाथ साइकल ¬यालीको आयोजना गरिएको स्नातक तह पाँचौं सेमेस्टरमा वनविज्ञान विषय अध्ययनरत विद्यार्थी कल्याण राज खड्काले जानकारी दिनुभयो । स्नातक तह तेस्रो सेमेस्टरमा वनविज्ञान विषय अध्ययनरत आकृति सूर्यवंशीले सबैको सरोकारको विषयमा विद्यार्थीले सचेतनाका लागि यस किसिमको अग्रसरता लिएको बताउनुभएको छ । ¬यालीमा ४० जना साइकलयात्रीको सहभागिता रहेको थियो ।

# नगरस्तरीय बाल सञ्जालद्वारा योजना तर्जुमा

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले आगामी मंसिर मसान्तभित्र बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने तयारी गरिरहेको छ । उक्त अभियानलाई सहयोग पुग्नेगरी शनिबार नगरस्तरीय बाल समूहले योजना तर्जुमा कार्यक्रम गरेको छ । शुक्रबार सौरज देवकोटाको अध्यक्षतामा १९ सदस्यीय बाल समूह सञ्जाल गठन गरिएपश्चात् योजना तर्जुमा गरिएको हो ।

सञ्जालले बाल समूहमार्फत् गरिने क्रियाकलापहरुको प्राथमिकता निर्धारण गरेको छ । सडक नाटक, ¬याली, पर्चा, पम्प्लेट टाँस्ने, बालबालिका, अभिभावक र विद्यालयमा चेतना, घरघर पत्राचार, बालविवाहबारे पाठ्यक्रममा समावेश गर्ने, बालश्रमिकको तथ्यांक संकलन गर्ने भएको छ । विद्यालयभित्र भयरहित शिक्षासम्बन्धी शिक्षकसँग अन्तरक्रिया गर्ने, बाल समूह र सञ्जालले २/२ महिनामा क्रियाकलाप सञ्चालन गर्ने, खानेपानी, धारा, शौचालय, बालमैत्री र अपांगमैत्री निर्माण गरिने भएको छ । यस्तै, कुरिति, अन्धविश्वास, छुवाछुतसम्बन्धी कानुनी सचेतना सञ्चालन गर्ने, बाल समूह तथा सञ्जालले महिनामा एक पटक सरसफाई कार्यक्रम गर्ने, बालबालिकालाई बाल अधिकार र क्षमता विकास, सरोकारवालाबीच बालअधिकार, बालमैत्री व्यवहार तथा प्रजनन स्वास्थ्यलगायतका विषयमा अन्तरक्रिया गरिने बताइएको छ ।

कार्यक्रममा बालमैत्री स्थानीय शासन प्रशिक्षक बिष्णु चौबेले सहजीकरण गर्नुभएको थियो । नगरस्तरीय बालसमूह सञ्जाल १९ वटै वडाका लक्षित वर्गको प्रतिनिधित्व हुने गरी गठन गरिएको छ । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक महाशाखा प्रमुख बिष्णुकुमारी लामिछानेले मन्तव्य राख्नुभयो ।

# निबन्ध लेखनमा ऋषि यादव प्रथम

समाज संवाददाता

हेटौंडाः हेटौंडा स्कूल अफ म्यानेजमेन्टले जेठ १२ गते शुक्रबार आयोजना गरेको निबन्ध लेखन प्रतियोगिताको नतिजा सार्वजनिक गरेको छ । आइतबार सार्वजनिक गरिएको नतिजाअनुसार ऋषि यादव प्रथम हुन सफल भएका छन् ।

प्रतियोगितामा कर्ण यादव द्वितीय, कृषाङ्गी अर्याल तृतीय हुन सफल भएका छन् । करुणा यादव र विशेषता थापा सान्त्वना भएका छन् । हयग्रीव आचार्य, निरा शर्मा र भवानी तिमल्सिनाले निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो । प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः १५ हजार रुपैयाँ, १० हजार रुपैयाँ, ८ हजार रुपैयाँ र ५/५ हजार रुपैयाँ प्रदान गरिनेछ ।

सुवर्ण अवसर




# करेन्ट लागेर कुमालको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवनको रत्ननगर नगरपलिका-११, शितलटोलमा करेन्ट लागेर एक पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही स्थान बस्ने ५२ वर्षीय मेघबहादुर कुमाल रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

मंगलबार कुमाल आफ्नै घरमा करेन्ट लागि घाइते भएका थिए । कुमाललाई उपचारका लागि जिल्ला अस्पतालमा लगिएकोमा आर्थिक अभावका कारण घरमा फर्काइएको थियो ।

घाइते कुमालको शनिबार बिहान ८ बजेको समयमा मृत्यु भएको हो । शव पोष्टमार्टम गरी आफन्तले बुझिलिएको प्रहरीले जानकारी दिएको छ ।

# सामुदायिक वनमा तामाङ मृत फेला

समाज संवाददाता

हेटौंडाः चितवनको राप्ती नगरपालिका-२, कुपनटोलमा एक वृद्ध मृत फेला परेका छन् । मृत फेला पर्नेमा कुपनटोलका ८० वर्षीय बहादुर तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

तामाङ मंगलबारदेखि हराएकोमा परिवारले बिहीबार प्रहरीमा निवेदन दिएका थिए । तामाङ शनिबार सामुदायिक वनमा मृत फेला परेका थिए ।

तामाङको ४/५ बर्ष पहिलादेखि मानसिक अबस्था ठिक नभएको प्रहरीले जनाएको छ । शव पोष्टमार्टमको लागि जिल्ला अस्पताल भरतपुरमा लगिएको छ ।

हार्दिक बधाई



मकवानपुर जिल्ला बक्सिङ संघको मिति २०८० साल जेठ २० गते शनिबार हेटौंडामा सम्पन्न **तेस्रो अधिवेशन**बाट सुशील घिमिरेको अध्यक्षतामा नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

वेश खड्गी, अध्यक्ष
**एवम् मकवानपुर जिल्ला खेलकुद विकास समिति परिवार**
**हेटौंडा, मकवानपुर**

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

हार्दिक बधाई एवम् आभार




**राष्ट्रिय खुला पुरुष भलिबल प्रतियोगिता**को उपाधि विजेता सशस्त्र प्रहरी बलको **एपीएफ क्लब**लाई हार्दिक बधाई ज्ञापन गर्दै सहभागी सम्पूर्ण टिम, मुख्य प्रायोजक हेटौंडा उपमहानगरपालिका, सहयोगी विभिन्न निकाय, रेफ्री, स्वयम्सेवक, सम्पूर्णमा हार्दिक आभार समेत व्यक्त गर्दछौं ।

**स्व. केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान परिवार**
**मकवानपुर जिल्ला भलिबल संघ परिवार**
**हेटौंडा, मकवानपुर**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ